# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**
**लुम्बिनी प्रदेश, नेपाल**

## स्थानीय राजपत्र

**खण्ड १ अंक: १ माघ, २२ गते २०८२ साल (संख्या: १३)**


**भाग-१**

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

“विद्यार्थी दुर्घटना राहत कोष सञ्चालन ऐन, २०८२”

प्रस्तावना

विद्यालय समयमा दुर्घटनामा परेका सामुदायिक विद्यालयको कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई औषधि उपचारको लागि सहायता प्रदान गर्ने उद्धेश्यले नगरपालिकाबाट प्रदान गरिने विद्यार्थी दुर्घटना राहत कोषलाई व्यवस्थित, पारदर्शी र न्यायपूर्ण बनाउन वाञ्छनीय भएकाले बर्दघाट नगरपालिकाको नगर सभाले विद्यार्थी दुर्घटना राहत कोष सञ्चालन ऐन, २०८२ बनाइ लागु गरेको छ।

**परिच्छेद -एक**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१) यो ऐनको नाम “विद्यार्थी दुर्घटना राहत कोष सञ्चालन ऐन, २०८२” रहेको छ।

२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

१) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्छ ।

२) “कार्यालय” भन्नाले बर्दघाट नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

३) “प्रमुख” भन्नाले बर्दघाट नगरपालिकाको नगरप्रमुख सम्झनु पर्छ ।

४) “नगर उप–प्रमुख” भन्नाले बर्दघाट नगरपालिकाको नगर उप–प्रमुख सम्झनु पर्छ ।

५) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिमको कार्य गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ ।

६) “कोष” भन्नाले दफा ३ को उपदफा २ बमोजिम स्थापना भएको विद्यार्थी दुर्घटना राहत कोष सम्झनु पर्छ ।

७) “कोषको रकम” भन्नाले नगर सभाले सालवसाली रुपमा विद्यार्थी दुर्घटना राहत कोषमा जम्मा हुने गरी तोकेको बजेट रकम सम्झनु पर्छ ।

८) “नगर सभा” भन्नाले बर्दघाट नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

९) “आर्थिक प्रशासन शाखा प्रमुख” भन्नाले बर्दघाट नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख सम्झनु पर्छ।

१०) “लाभग्राही” भन्नाले ऐन बमोजिम नगरपालिकाबाट उपलब्ध गराइने दुर्घटना राहत रकम प्राप्तिका लागि निवेदन दिने विद्यार्थी वा विद्यार्थीको अभिभावकलाई सम्झनु पर्छ ।

११) “सामुदायिक विद्यालय” भन्नाले नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

१३) “विद्यार्थी” भन्नाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यालयको विद्यार्थी सम्झनु पर्छ ।

१४) “दुर्घटना” विद्यालय समयमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विविध कारणबाट हुन सक्ने चोटपटक वा दुर्घटना सम्झनु पर्छ ।

## परिच्छेद-दुई
## कोष र कोषको संचालन

३. कोषको स्थापना: १) विद्यार्थी दुर्घटना राहत कोष नामको एक कोष स्थापना गर्न सकिने छ ।

२) कोषमा देहाय बमोजिमको रकम हुनेछ ,

क) नगर सभाबाट विनियोजित रकम,

ख) संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम,

ग) अन्तराष्ट्रिय संघ संस्था, स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

घ) अन्य कुनै स्रोत बाट प्राप्त हुने रकम ।

४. कोषको उपयोग: १) कोषको रकम बर्दघाट नगरपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १२ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई देहायका अवस्थामा उपयोग हुनेछ ।

क) विद्यालय आवतजावत गर्दा,

ख) विद्यालयले सञ्चालन गर्ने खेलकुद (सामुदायिक तथा संस्थागत),

ग) विद्यालयको अतिरिक्त कक्षा सञ्चालन, शैक्षिक भ्रमण लगायत विद्यालयको जिम्मामा रहेको समयमा ।

५. कोषको संचालन :-१) कोषमा जम्मा हुने रकम प्रचलित कानुन बमोजिम स्थापना गरी सञ्चालन हुनेछ ।

२) कोषमा जम्मा भएको रकमबाट समितिले निर्णय गरे बमोजिम दुर्घटनामा मृत्यु हुनेको लागि एक लाख र दुर्घटनामा चोटपटक लागेमा न्यूनतम पाँच हजार देखि अधिकतम प्रति व्यक्ति एक लाख सम्म खर्च गर्न सक्नेछ । कोष शुन्य नहुने गरी रकम खर्च हुने र कोषमा नगर सभाले निर्णय गरे बमोजिमको रकम जम्मा हुदै जानेछ ।

३) दुर्घटनामा परी चोटपटक लागेमा नगरपालिका भित्रका सामुदायिक तथा सरकारी अस्पतालमा मात्र उपचार गरेको र थप उपचारको लागि अन्यत्र सामुदायिक तथा सरकारी अस्पतालमा सिफारिस भएको हुनुपर्ने छ । अन्यथा कोषको रकम उपयोग गर्न सकिने छैन ।

६. कोषको लेखा र लेखा परीक्षण: १) प्रचलित कानुनबमोजिम कोषको आय व्ययको लेखा राखिने छ ।

२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुने छ ।

## परिच्छेद-तीन

## दुर्घटना राहत कोष संचालक समिति

७) दुर्घटना राहत कोष संचालक समिति: १) दफा ४ बमोजिम कोषबाट रकम सहायताको निर्णय गर्न र वितरणलाइ व्यवस्थित गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | अध्यक्ष |
| ख) नगर उप–प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ङ) आर्थिक प्रशासन शाखाको प्रमुख | सदस्य |

च) शिक्षा  शाखाको शाखा प्रमुख                                   सदस्य सचिव

र समितिमा दुर्घटनामा परेको विद्यार्थी अध्ययनरत विद्यालयको प्र.अ. आमन्त्रित सदस्य हुनेछ।

२) समितिले राहत लिने लाभ ग्राहीले पेस गरेको निवेदन,सम्बन्धित विद्यालयको सिफारिस, आवश्यकता अनुसार प्रहरी प्रतिवेदन, डाक्टरको प्रेस्क्रिप्सन, डाक्टरको प्रेस्क्रिप्सन बमोजिमका सक्कल विल समेतका आधारमा दिन सकिने राहतको यकिन गरी निर्णय गरे बमोजिम हुनेछ।

३) समितिले दुर्घटनामा लागेको खर्चको न्यूनतम पाँच हजार देखि अधिकतम प्रति व्यक्ति एक लाख सम्म राहत आर्थिक सहयोग दिने निर्णय गर्न सक्नेछ, तर विद्यालय समय भन्दा बाहेक विद्यालय बन्द रहेको अवस्थामा भएको दुर्घटनामा लागु हुने छैन।

४) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने छ।

५) समितिको अध्यक्ष वा सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाको बैठकमा भाग लिदा पाउने भत्ता सरह भत्ता पाउने छ।

६) समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहने छ।

## परिच्छेद-चार
## दुर्घटना राहत रकम प्राप्त हुने प्रक्रिया

८. दुर्घटना परेको अवस्थामा राहत कोषबाट राहत रकम प्राप्त हुने प्रक्रिया,

क) सम्बन्धित विद्यार्थी वा अभिभावकले निवेदन अनुसूची १ को ढाँचामा दिनुपर्ने।

ख) निवेदनका साथ विद्यालयको सिफारिस सहित सरकारी तथा सामुदायिक अस्पतालमा उपचार गराइ मेडिकल काउन्सिलमा दर्ता भएको मेडिकल डाक्टरको प्रेस्क्रिप्सन, डाक्टरको प्रेस्क्रिप्सन बमोजिमका सक्कल विलहरु पेस गर्नुपर्ने।

ग) राहत कोषबाट राहत लिने विद्यार्थी सामुदायिक विद्यालयको हुनुपर्ने ।

घ) आवश्यकता अनुसार सडक दुर्घटना भएमा प्रहरी प्रतिवेदन पेस गर्नुपर्ने ।

ङ) निवेदन र अन्य कागजातहरु प्राप्त भएपछि समितिको बैठकमा पेस गर्नुपर्ने।

च) व्यक्ति - व्यक्ति वा समूह-समूह वीचको लडाइँ झगडामा लागेको घाउ चोट, मृत्यु, आत्महत्या वा घरायसी कामकाजका कारण हुने चोटपटक र मृत्युका  लागि यो रकम उपलब्ध नहुने।

छ) दुर्घटनामा मृत्यु हुने विद्यार्थीको परिवारको लागि एक लाख रकम परिवारलाई सान्त्वना स्वरुप प्रदान गरिनेछ।

ज) दुर्घटनामा परेका विद्यार्थीलाई पेस गरेका कागजात अनुसार समितिको निर्णय बमोजिमको कायम गरिएको राहत रकम प्राप्त हुने।

## परिच्छेद-पाँच
## विविध

९. कोषको विवरण :१) कोषमा जम्मा भएको रकम समितिले निर्धारण गरेको मापदण्ड र प्रक्रियाका आधारमा राहत कोष बाट खर्च हुनेछ।

२) समितिको निर्णय बाट खर्च भएको राहत कोषको खर्च रकम कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ।

१०. परामर्श लिन सक्ने :१)समितिले यस ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति वा निकाय संग परामर्श लिन सक्नेछ।

११. प्रचलित कानुन बमोजिम हुने : यस ऐनमा उल्लेख भएका विषय ऐन अनुसार हुने र अन्य विषयको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

१२. बाधा अड्काउ फुकाउ र दफा वा अनुसूचीमा हेरफेर: १)ऐन लागु गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्ने छ।

२) ऐनको दफा वा अनुसूचीमा हेरफेर गर्नुपर्ने भएमा समितिको सिफारिसमा नगर सभाले आवश्यक हेरफेर गर्न सक्ने छ।

(अनुसूची-१)

( परिच्छेद ४ को दफा ८ को 'क' संग सम्बन्धित)

मिति

श्रीमान् नगर प्रमुख ज्यू

बर्दघाट नगरपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम )

विषय :– दुर्घटना राहत पाउँ।

बर्दघाट नगरपालिकाको ……………………..विद्यालयमा अध्ययनरत वडा नं........... बस्ने ............को छोरा/छोरी/बुहारी/श्रीमती बर्ष............को म......................... दुर्घटनामा परी सरकारी तथा सामुदायिक अस्पतालमा उपचार गरेको र बर्दघाट नगरपालिकाको "विद्यार्थी दुर्घटना राहत कोष सञ्चालन ऐन, २०८२" वमोजिम राहत रकम पाउन योग्य भएको हुँदा देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेस गरेको छु।

संलग्न कागजातहरु:

१) जन्मदर्ता / नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान:

२) मेडिकल काउन्सिलमा दर्ता भएको मेडिकल अधिकृतको प्रेस्क्रिप्सन रिपोर्ट थान :

३) विद्यालयको सिफारिस पत्र:

४) विल भरपाईको सक्कली विल थान:

५) आवश्यकता अनुसार प्रहरी प्रतिवेदन:

६) अन्य भए

निवेदकको

दस्तखत:

नाम:

ठेगाना:

मिति:

**आज्ञाले,**

**(बाबुराम पौडेल)**

**प्रमुख प्रशासकीय अधिकृत**